## सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड: ३ | संख्या: ६ | मिति: २०७६।०२।१२

## भाग-२

# विद्यालय अनुदान व्यवस्थापन कार्यविधि, २०७६

**प्रस्तावना:**

**प्रस्तावना:**

सामुदायिक विद्यालयमा सुनिल स्मृति गाउँपालिका सुलिचौर रोल्पा बाट उपलब्ध हुने अनुदानको आधार तय गर्न, अनुदानको उच्चतम उपयोगमा सघाउ पु-याउनु तथा विद्यालयहरुको वित्तिय सुशासन, पारदर्शिता तथा व्यवस्थापनमा सुधार ल्याई गुणस्तरीय शिक्षाको प्रत्याभूतिका लागि सहजीकरण गर्न आवश्यक देखिएकाले सुनिल स्मृति गाउँपालिका शिक्षा ऐन २०७५ को दफा ८३  ले दिएको अधिकार प्रयोग गरी सुनिल स्मृति गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यो कार्यविधिको नाम विद्यालय अनुदान व्यवस्थापन कार्यविधि २०७६ रहेको छ ।

१.२ यो कार्यविधि सुनिल स्मृति गाउँपालिकामा सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुमा लागु हुने गरी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यो कार्यविधिमा,**

२.१ "ससर्त आधारभूत अनुदान" भन्नाले विद्यालयहरुलाई दिइने शिक्षक तलब भत्ता, विद्यालय कर्मचारीहरुको तलब भत्ता, निशुल्क पाठ्यपुस्तक, विद्यालय व्यवस्थापन खर्च छात्रवृतिलाई सम्झनु पर्दछ । साथै विद्यालयहरुको पूर्वाधार विकासका लागि शिर्षक तोकी समय समयमा प्राप्त हुने अनुदान समेतलाई जनाउनेछ ।

२.२ "एकमुष्ठ अनुदान" भन्नाले हालसम्म कुनै पनि स्वीकृत शिक्षक दरवन्दी, राहत शिक्षक अनुदान प्राप्त नगरेका विद्यालयलाई प्राप्त हुने अनुदानलाई सम्झनु पर्दछ । साथै यसले विद्यालयको समग्र पक्षको विकासका लागि प्रचलित कानूनको परिधिभित्र रही विद्यालय व्यवस्थापन समितिले अद्यावधिक विद्यालय सुधार योजनाको आधारमा आफै प्राथमिकता निर्धारण गरी खर्च गर्न सक्ने गरी विद्यालयलाई प्राप्त हुने अनुदान समेतलाई जनाउने छ ।

२.३ "कार्यसम्पादन अनुदान" भन्नाले विद्यालयले हासिल गरेको उपलब्धिको आधारमा विद्यालयको थप क्षमता अभिवृद्धि गर्न ससर्त आधारभूत अनुदान एकमुष्ठ अनुदान अतिरिक्त दिइने थप अनुदानलाई जनाउने छ ।

२.४ "विज्ञान विषय सञ्चालन गर्ने विद्यालयलाई अनुदान" भन्नाले कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्याललयलाई अन्य अनुदान अतिरिक्त दिइने थप अनुदानलाई जनाउनेछ ।

२.५ “प्राविधिक तथा व्यावसायिक माध्यमिक विद्यालय सञ्चालन गर्ने विद्यालय सञ्चालन गर्ने विद्यालयलाई अनुदान” भन्नाले कक्षा ९ देखि प्राविधिक तथा व्यावसायिक विषय अध्यापन गराउने सामुदायिक माध्यामिक विद्यालयलाई दिइने थप अनुदानलाई जनाउने छ ।

२.६ “ऐन” भन्नाले सुनिल स्मृति गाउँपालिका शिक्षा ऐन लाई जनाउने छ ।

२.७“नियमावली” भन्नाले सुनिल स्मृति गाउँपालिका शिक्षा नियमावली, २०७५ लाई जनाउनेछ ।

२.८ “मन्त्रालय” भन्नाले शिक्षा, बिज्ञान तथा प्रबिधि मन्त्रालयलाई जनाउनेछ ।

२.९ “केन्द्र” भन्नाले शिक्षा तथा मानवस्रोत विकास केन्द्रलाई जनाउनेछ ।

२.१० “नमुना विद्यालय” भन्नाले नेपाल सरकारले नमुना विद्यालय व्यवस्थापन निर्देशिका २०७६ बमोजिम छनौट, विकास तथा व्यवस्थापन भएका विद्यालयलाई जनाउने छ ।

## परिच्छे-२
## उद्देश्य

३. **उद्देश्य:**

यो कार्यविधि विद्यालयलाई दिइने अनुदानलाई व्यवस्थित गर्ने तथा विद्यालयले विद्यालय सुधार योजना बनाई कार्यान्वयन गर्ने क्रममा विद्यालय व्यवस्थापन र सहयोग गर्ने साझेदारहरुको मार्गदर्शन हुनेछ । यो कार्यविधि जारी गर्नुका उद्देश्यहरु देहाय बमोजिम छन् ।

३.१ उपलब्ध स्रोत साधनको समुचित परिचालनमा विद्यालय व्यवस्थापन समितिलाई जिम्मेवार तथा अधिकार सम्पन्न बनाई गुणस्तरयुक्त शैक्षिक वातावरण तयार गर्न सघाउ पु-याउनु ।

३.२ विद्यालयस्तरीय सूचकका आधारमा विद्यालय अनुदानलाई विद्यालयको प्रगतिसँग आवद्ध गर्नु ।

३.३ अनुदान पद्धतिका माध्यमबाट विद्यालयलाई सरोकारवालाहरुसँग सहकार्य गरी स्वयम् मुल्याङ्कन गर्न अभिप्रेरित गर्नु ।

३.४विद्यालयले प्राप्त गर्नेअनुदानलार्य अनुमान योग्य र पारदर्शी बनाउनु ।

३.५ विद्यालयमा हुने आर्थिक गतिविधिलाई पारदर्शी बनाई वित्तिय सुशासन कायम गर्नु ।

## परिच्छेद-३

## विद्यालय अनुदानका आधारहरु

४. **विद्यालय अनुदान:**

विद्यालयलाई दिइने अनुदान देहाय बमोजिमका हुनेछन् ।

४.१ ससर्त आधारभूत अनुदान: स्वीकृत दरबन्दीमा कार्यरत शिक्षकहरु, राहत अनुदानमा कार्यरत सबै शिक्षकहरु, प्रारम्भिक बालविकास शिक्षकहरु, विद्यालयमा कार्यरत कर्मचारीहरुको तलब भत्ता ससर्त अनुदानको रुपमा उपलब्ध हुनेछ । यसका साथै निःशुल्क पाठ्यपुस्तक, विभिन्न प्रकारका छात्रवृत्ति, विद्यालय व्यवस्थापन अनुदान तथा समय समयमा विद्यालय भौतिक सुधार सम्बन्धि कार्यक्रमका लागि ससर्त अनुदान उपलब्ध हुनेछ । विद्यालयले प्राप्त गर्ने ससर्त अनुदान सम्बन्धी विवरण तथा आधारहरु अनुसुची १ अनुसार हुनेछ ।

४.२ एकमुष्ट अनुदान: सामुदायिक विद्यालयको सर्वपक्षीय विकासमा सघाउ पु-याउन तथा विद्यालय सुधार योजना कार्यान्वयनका लागि विद्यार्थी संख्याका आधारमा विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध गहुने छ । सरकारबाट कुनै पनि शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरेको विद्यालयले भविष्यमा शिक्षक दरबन्दी तथा राहत शिक्षक अनुदान प्राप्त नगरुञेलसम्म त्यस्ता विद्यालय सञ्चालनका लागि एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ ।

साथै हालसम्म बालविकास कक्षा सञ्चालन नभएका विद्यालयले बालविकास कक्षा सञ्चालन गर्न चाहेमा त्यस्ता सामुदायिक विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ ।

४.२.१ विज्ञान विषय सञ्चालन गर्ने विद्यालयलाई अनुदान: कक्षा ११ र १२ मा विज्ञान विषयको अध्यापन गराउने सामुदायिक विद्यालयलाई अन्य अनुदानका अतिरिक्त थप अनुदान उपलब्ध हुनेछ ।

४.२.२ नमूना विद्यालयलाई प्रवर्धनात्मक कार्य सञ्चालनका लागि अनुदान: नेपाल सरकारले नमुना विद्यालय भनि निर्णय गरेको विद्यालयलाई विद्यालयले पेस गरेको प्रस्तावका आधारमा प्रवर्धनात्मक कार्य सञ्चालनका लागि थप अनुदान रकम उपलब्ध गराउन सकिनेछ ।

४.२.३ एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा बहुस्तरमा आधारति शिक्षण सिकाइ गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान: एक जना मात्र शिक्षक भएका विद्यालय तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई सञ्चालन व्यवस्थापनमा थप सहज बनाउन वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ ।

४.२.४ बहुभाषिक शिक्षण गर्ने विद्यालयका लागि अनुदान: नेपाली भाषा सहित अन्य भाषामा समेत अध्यापन गराउने विद्यालयका लागि नियमित अनुदानका अतिरिक्त थप वार्षिक एकमुष्ठ अनुदान उपलब्ध गराउन सकिनेछ । विद्याललयले प्राप्त गर्ने उपयुक्तानुसार उपलब्ध गराइने एकमुष्ठ अनुदान सम्बन्धी विवरण तथा आधारहरु अनुसूची २ अनुसार हुने छ ।

४.२.५ प्राविधिक तथा व्यवसायिक माध्यामिक विद्यालय सञ्चालन गर्ने विद्यालयलाई अनुदान: कक्षा ९ देखि व्यवसायिक विषयको अध्यापन गर्ने सामुदायिक माध्यामिक विद्यालयलाई अनुसूची ३ अनुसार थप अनुदान उपलब्ध हुनेछ ।

४.३ कार्यसम्पादनमा आधारित अनुदान: विद्यालयले सम्पादन गरेको काम र हासिल गरेको उपलब्धिलाई थप प्रोत्साहित गरी गुणस्तरीय शिक्षा प्रवर्धनका लागि माथि उल्लेखित

अनुदानका अतिरिक्त प्रोत्साहन अनुदान उपलब्ध हुनेछ । विद्यालयको कार्यसम्पादन मापन तथा अनुदान प्राप्त गर्ने आधार अनुसूची ४ अनुसार हुनेछ ।

## परिच्छेद-४

## अनुदान प्राप्तगर्न पुरा गर्नुपर्ने अनिवार्य शर्तहरु

५. **अनुदान प्राप्त गर्न पुरा गर्नु पर्ने अनिवार्य शर्तहरु देहाय बमोजिम रहेका छन्**

५.१ ससर्त आधारभूत तथा एकमुष्ट अनुदान: अनुदान प्राप्त गर्ने प्रत्येक विद्यालयले देहायका कार्यहरु अनिवार्यहरुमा गर्नु पर्नेछ ।

क) विद्यालय सुधार योजना: प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको शैक्षिक, भौतिक, आर्थिक तथा व्यवस्थापकिय पक्ष सुधारका कार्यक्रम समेटिएको अद्यावधिक विद्यालय सुधार योजना तयार गर्नुपर्ने छ र प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्नेछ ।

ख) लेखा परीक्षण सामाजिक परीक्षण: प्रत्येक विद्यालयले आफ्नो हरेक वर्षको वार्षिक आर्थिक कारोबारको नियमितरुपमा लेखापरीक्षण एवम् विद्यालयको सम्पूर्ण वार्षिक क्रियाकलापहरुको सामाजिक परीक्षण गरी प्रतिवेदन गाउँ कार्यापालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ । विद्यालयमा निकास हुने अनुदान रकमलाई लेखापरीक्षण तथा सामाजिक परीक्षणको प्रतिवेदनसँग आवद्ध बनाइनेछ ।

ग) विद्यालयको वार्षिक कार्ययोजना: विद्यालय सुधार योजनाका आधारमा प्रत्येक विद्यालयले आफ्नो लक्ष्य तथा बजेट सहितको वार्षिक कार्ययोजना तयार गर्नु पर्नेछ ।

घ) प्रतिवेदन सम्प्रेषण: प्रत्येक विद्यालयले तोकिएका प्रतिवेदनहरु वार्षिक लेखापरीक्षण प्रतिवेदन, सामाजिक परीक्षण प्रतिवेदन, चौमासिक प्रतिवेदनहरु तयार गरी कार्यापालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

ङ) तथ्याङ्क व्यवस्थापन: प्रत्येक विद्यालयले हरेक शैक्षिक सत्रको शुरु तथा अन्त्यमा तोकिए बमोजिमको शैक्षिक तथ्याङ्क (Flash I and Flash II) भरी सम्बन्धित निकायहरुमा पेश गर्नु पर्नेछ ।

५.२ कार्यसम्पादनमा आधारित अनुदानस: कार्यसम्पादनमा आधिरत अनुदान प्राप्त गर्नका लागि अनुसूची ३ मध्ये निम्न सूचकका न्यूनतम अङ्क प्राप्त गरेको हुनुपर्नेछ ।

क) विद्यार्थीले हासिल गरेको औसत सिकाइ उपलब्धि
ख) विद्यालयको आन्तरिक क्षमताको अवस्था
ग) विद्यालय व्यवस्थापन समितिको गठन
घ) सामाजिक परीक्षण
ङ) विद्यालय सुधार योजना तथा वार्षिक अद्यावधिकीकरण
च) पाठ्यपुस्तकको उपलब्धता
छ) लेखा परीक्षण
ज) चौमासिक प्रतिवेदन सम्प्रेषण
झ) शिक्षकको उपस्थिति र शिक्षण सिकाइ समय परिपालना
ञ) विद्यालयको वार्षिक शैक्षिक योजना निर्माण र कार्यान्वयन

## परिच्छेद ५
## अनुदान माग र निकासा प्रक्रिया

**६. अनुदान प्राप्त गर्ने सम्बन्धी व्यवस्था**

६.१ स्वमूल्याङ्कन सम्बन्धी व्यवस्था

६.१.१ विद्यालयले अनुसूची १ अनुसारको ससर्त आधारभूत अनुदान प्राप्त गर्नका लागि सुनिल स्मृति गाउँपालिकाको कार्यालयमा विवरण पेश गर्नुपर्नेछ ।

६.१.२ विद्यालयले अनुसूची २ अनुसारको कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागि सुनिल स्मृति गाउँपालिकाको कार्यालयमा विवरण पेश गर्नुपर्नेछ ।

६.१.३ विद्यालयले अनुसूची ३ अनुसारको कार्यसम्पादनमा आधारित अनुदान प्राप्त गर्नका लागि सुनिल स्मृति गाउँपालिकाको कार्यालयमा विवरण पेश गर्नु पर्नेछ । उपर्युक्तानुसारका ससर्त आधारभूत अनुदान, एकमुष्ठ

अनुदान र कार्यसम्पादनमा आधारित अनुदान माग गर्नका लागि अनुसूची ४ बमोजिमको फाराम प्रयोग गर्नुपर्नेछ ।

६.२ मूल्याङ्कन गर्ने: यसरी विद्यालयले स्वमूल्याङ्कन गरी पेस गरेको फाराम स्थलगत रुपमा आवश्यक कागजात समेत हेरी प्रमाणीकरण गरी गरी शिक्षा अधिकृत मार्फत कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।

६.३ गाउँशिक्षा समितिले मूल्याङ्कन गर्ने: स्रोत केन्द्रबाट प्रमाणीकरण भई प्राप्त भएको विद्यालयको स्वमूल्याङ्कन फारामलाई गाउँ शिक्षा समितिले मूल्याङ्कन गरी औचित्यता तथा केही विद्यालयको नमूना अवलोकन समेत गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष अनुदान निकासाका लागि सिफारिस गर्नुपर्नेछ ।

६.४ अनुदान निकासा दिने गाउँशिक्षा समितिले गरेको सिफारिसका आधारमा प्रमुख प्रशासकिय अधिकृतले अनुदानको शिर्षक खोली सम्बन्धित विद्यालयको खातामा निकासा गर्नुपर्नेछ ।

६.५ अनुदान खर्च गर्ने:

६.५.१ विद्यालयले प्राप्त गरेको ससर्त अनुदान तथा एकमुष्ठ अनुदानको रकम विद्यालयले सम्बन्धित शिर्षकमा नै खर्च गर्नु पर्नेछ ।

६.५.२ विद्यालयले निश्चित सूचकको आधारमा प्राप्त गरेको कार्यसम्पादनमा आधारित अनुदानको रकम विद्यालयको शिषण सिकाई, शिक्षण सामाग्री तथा विद्यालयको विकासमा प्रयोग गर्नुपर्नेछ । यस्तो अनुदान विद्यालयको भौतिक पूर्वाधार विकासको लागि खर्च गर्न पाइने छैन ।

६.५.३ विद्यालय प्राप्त अनुदानको खर्चको चौमासिक प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यलयमा पेश गर्नुपर्नेछ।

## परिच्छेद-६
## विभिन्न निकायहरुको भूमिका

७. विद्यालय अनुदान व्यवस्थापन: विद्यालयमा जाने अनुदानको प्रभावकारी एवम् दक्षतापूर्ण उपयोगका लागि विभिन्न निकायहरुको दायित्व देहायअनुसारको हुनेछ ।

७.१ गाउँकार्यपालिका:

क) यस कार्यविधि अनुसार विद्यालयले पाउने अनुदान रकम निर्धारण तथा विद्यालयसम्म प्रवाह गर्ने प्रबन्ध मिलाउने ।

ख) विद्यालयले प्राप्त गर्ने अनुदान सम्बन्धमा स्थानीय तहको शिक्षा शाखालाई आवश्यक समन्वय र मार्ग दर्शन गर्ने ।

ग) विद्यालय अनुदान व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तह तथा विद्यालयस्तरको क्षमता अभिवृद्धिमा सहजीकरण गर्ने ।

घ) यस कार्यविधिमा उल्लेखित अनुसूचीहरुमा उल्लेख गरिएका विद्याललय अनुदान सम्बन्धी व्यवस्था प्रचलित नियमानुसार परिमार्जन गर्ने ।

७.२ स्थानीय तहको शिक्षा शाखा:

क) यस कार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने विद्यालय तथा विद्यार्थीको विवरण अद्यावधिक गर्ने ।

ख) विद्यालयले प्राप्त गर्ने अनुदानको एकिन गर्ने,

ग) विद्यालयमा जाने अनुदान समयमै निकासा गर्ने,

घ) विद्यालयमा निकासा भएको अनुदान तथा खर्च गर्ने आधारहरु विद्यालयलाई उपलब्ध गराउने र सो को सार्वजनिक गरी सरोकारवालाहरुलाई सूसूचित गर्ने,

ङ) निकासा भएको अनुदान तोकिएको कार्यमा तोकिएबमोजिम उपयोग भएको छ छैन सोको अनुगमन गरी नियमित रुपमा सम्बन्धित निकायमा प्रतिवेदन गर्ने ।

७.३ विद्यालय व्यवस्थापन समिति:

क) विद्यालय सञ्चालनका लागि आश्यक स्रोत जुटाउने तथा परिचालन गर्ने,

ख) वार्षिक योजना अनुरुप सञ्चालन हुने क्रियाकलापहरुको नियमित अनुगामन तथा मूल्याङ्कन गर्ने,

ग) नियमावलीमा तोकिएको ढाँचामा लेखा राखी नियमित लेखा परीक्षण गराउने ।

७.४ शिक्षक अभिभावक संघ: विद्यालयले वार्षिक रुपमा कार्यान्वयन गरेको कार्यक्रमहरुको प्रभावकारिता अभिवृद्धि गर्नुका साथै प्राप्त अनुदानको सदुपयोगको लागि सामाजिक परीक्षण गर्ने दायित्व शिक्षक अभिभावक संघकी हुनेछ ।

७.५ प्रधानाध्यापक:

क) विद्यालयको वार्षिक योजना तयार गर्ने,

ख) विद्यालयको वार्षिक योजना तथा अनिवार्य दायित्व अन्तर्गतका ससर्त, एकमुष्ठ तथा कार्यसम्पादनमा आधारित अनुदान माग गर्ने,

ग) विद्यालयलाई प्राप्त अनुदान रकम आफ्नो वार्षिक योजना अनुसार तोकिएका कार्यक्रममा खर्च गर्ने,

घ) विद्यालयको सबै आर्थिक कारोबारको नियमावलीले तोकेको ढाँचामा लेखा राख्ने,

ङ) वार्षिक रुपमा लेखापरीक्षण तथा सामाजिक परीक्षण गराउने र नियमित रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन बुझाउने दायित्व विद्यालयका प्रधानाध्यापकको हुनेछ ।

## परिच्छेद-७
## विविध

### ८. विविध

८.१ अनुसूची संशोधन गर्ने: यस कार्यविधिमा रहेका अनुसूचीहरु कार्यपालिकाले स्वीकृत बजेट तथा कार्यक्रम, आवश्यकता र औचित्यताको आधारमा संशोधन गर्न सक्नेछ ।

८.२ अन्य: यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि कार्यक्रमको प्रगतिको आधारमा गाउँ

कार्यपालिकाले अनुदानको रकम उपलब्ध गराउनेछ, कार्यप्रगति नदेखिएको र समयमा नै कार्यसम्पन्न नगर्ने विद्यालयलाई अनुदान रकम दिन गाउँकार्यपालिका बाध्य हुने छैन । त्यसैबाट सिर्जित परिस्थितिको सम्पूर्ण जिम्मेवारी सम्बन्धित विद्यालय हुनेछ ।

## अनुसुची-१
## सर्सत आधारभूत अनुदान

### १. शिक्षक तलब भत्ता

#### १.१ स्थायी शिक्षक

| क्रसं | तह | श्रेणी | न्यूनतम स्केल (रु) | ग्रेड रकम समायोजित (रु) | स्थानीय भत्ता | चाडपर्व खर्च | क सं कोष | बीमा (रु) | पोसाक (रु) | महंगी भत्ता (रु) |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत प्राथमिक | प्रथम श्रेणी | ३०५००।- | १०१७।- | अनुसूची ६ मा संलग्न भएअनुसारको स्थानीय भत्ता। क, ख, ग र घ जिल्ला (६ कोष भित्र र बाहिर) (१०.५ महिनाको मात्र) | खाइपाई आएको एक महिनाको तलब | खाइपाई आएको तलबको १० प्रतिशत | प्रतिमहिना ४००।- | प्रतिबर्ष १००००।- (तोकिएका दुर्गम हिमालि जिल्लाका लागि १५०००।-) | प्रतिमहिना २०००।- |
| २ | आधारभूत प्राथमिक | द्वितिय श्रेणी | २३५००।- | ७८३।- | | | | | | |
| ३ | आधारभूत प्राथमिक | तृतीय श्रेणी | २२१७०।- | ७३९।- | | | | | | |
| १ | आधारभूत/ निम्नमाध्यमिक | प्रथम श्रेणी | ३२१००।- | १०७०।- | | | | | | |
| २ | आधारभूत/ निम्नमाध्यमिक | द्वितिय श्रेणी | ३०५००।- | १०१७।- | | | | | | |
| ३ | आधारभूत/ निम्नमाध्यमिक | तृतीय श्रेणी | २३५००।- | ७८३।- | | | | | | |
| १ | माध्यमिक | प्रथम श्रेणी | ४०१५०।- | १३३८।- | | | | | | |
| २ | माध्यमिक | द्वितिय श्रेणी | ३४२२०।- | ११४१।- | | | | | | |
| ३ | माध्यमिक | तृतीय श्रेणी | ३०५००।- | १०१७।- | | | | | | |

नोट- नेपाल सरकारबाट तलबमानमा भएको परिवर्तन अनुसार तलब तथा सुविधा स्वत: हेरफेर भएको मानिने छ ।

#### १.२ शिक्षक तलब (अस्थायी/करार शिक्षक)

| सि.नं. | तह | श्रेणी | न्यूनतम तलब (रु.) | स्थानीय भत्ता | चाड पर्व | पोशाक | महँगी भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत (कक्षा १ देखि ५) | तृतीय श्रेणी | २२१७०।- | अनुसूची ६ मा संलग्न भएअनुसारको स्थानीय भत्ता क, ख, ग र घ जिल्ला (६ कोष भित्र र बाहिर) (१०.५) महिनाको मात्र) | खाइपाई आएको एक महनिाको तलब | प्रति वर्ष ७५००।- (तोकिएका दुर्गम हिमाली जिल्लाका लागि १५,०००।- | प्रति महिना १०००।- | पोशाक भत्ता ६ महिना भन्दा बढी काम गरेकाका लागि मात्र |
| २ | आधारभूत (कक्षा ६ देखि ८) | तृतीय श्रेणी | २३५००।- | | | | | |
| ३ | माध्यामिक (कक्षा ९ र १०) | तृतीय श्रेणी | ३०५००।- | | | | | |
| ४ | माध्यामिक (कक्षा ११ र १२) | तृतीय श्रेणी | ३४२२०।- | | | | | |

नोट- नेपाल सरकारबाट तलबमानमा भएको परिवर्तन भएनुसार तलब तथा सुविधा स्वतः हेरफेर भएको मानिने छ ।

#### १.३ साविक तलब (राहत शिक्षक, स्रोतव्यक्तिको सट्टामा कार्यरत तथा प्रारम्भिक बालविकास सहजकर्ता)

| सि.नं. | तह | श्रोणी | न्यूनतम तलब (रु.) | स्थानीय भत्ता | चाड पर्व | प्राविधिक भत्ता | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत (कक्षा १ देखि ५) | तृतीय श्रेणी | २२१७०।- | अनुसूची ६ मा संलग्न भएअनुसारको स्थानीय भत्ता क, ख, ग र घ जिल्ला (६ कोष भित्र र बाहिर) (१०.५) महिनाको मात्र) | | | |
| २ | आधारभूत (कक्षा ६ देखि ८) | तृतीय श्रेणी | २३५००।- | | | | |
| ३ | माध्यामिक (कक्षा ९ र १०) | तृतीय श्रेणी | ३०५००- | | | | |
| ४ | उ.मा.वि. शिक्षक अनुदान (कक्ष ११ र १२) | तृतीय श्रेणी | ३४२२०।- | | | | |
| ५ | प्रशिक्षक (माध्यामिक (९ र १०) | तृतीय श्रेणी | ३०५००- | | | ३०००।- | प्रशिक्षक र सहायक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | प्रशिक्षक (माध्यामिक ११ र १२) | तृतीय श्रेणी | ३४२२०।- | | | ३०००।- | प्रशिक्षकका लागि मात्र (१० महिनाको लागि मात्र) |
| ७ | सहायक प्रशिक्षक आधारभूत (नि.मा.वि. तह सरह) | तृतीय श्रेणी | २३५००।- | | | ३०००।- | |
| ८ | बालविकास सहजकर्ता | | ६०००।- | | | | |
| ९ | प्रधानाध्यापक भत्ता | प्र.अ. माध्यामिक तह रु. ५००।-, प्र.अ. आधारभूत कक्षा १ देखि ८ रु ३००।- र प्र.अ. आधारभूत कक्षा १ देखि ५ रु. २००।- प्रति महिना | | | | | |

नोट- नेपाल सरकारबाट तलबमानमा भएको परिवर्तन भएनुसार तलब तथा सुविधा स्वतः हेरफेर भएको मानिने छ।

**२. पाठ्यपुस्तक**

| कक्षा/ विवरण | कक्षा १ (रु) | कक्षा २ (रु) | कक्षा ३ (रु) | कक्षा ४ (रु) | कक्षा ५ (रु) | कक्षा ६ (रु) | कक्षा ७ (रु) | कक्षा ८ (रु) | कक्षा ९ (रु) | कक्षा १० | कक्षा ११ र १२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रति सेट मूल्य | २३९/८० | २३५५/४० | १५८ | २०५/२५ | २२/२५ | ४०९/२० | ४५७/२० | ४९३/२० | ३४८/९२ अनिवार्य विषय तथा २ वटा इच्छाधीन विषयको लागि मूल्यसूची अनुसार थप। | ३४८/९२ अनिवार्य विषय तथा २ वटा इच्छाधीन विषयको लागि मूल्यसूची अनुसार थप। | छात्रा, सु विधाविहीन तथा कर्णाली अञ्चलका छात्राछात्रका लागि पुस्तकालय मार्फत पाठ्यपुस्तकका लागि रु. ५०,०००।- प्रति विद्यालय वार्षिक अनुदान। |

नोट- पाठ्यक्रम विकास केन्द्रले समय समयमा अद्यावधिक गरी स्वीकृत भएको नयाँ दर रेट स्वत: कायम भएको मानिने छ।

**३. छात्रा वृत्ति**

**३.१ छात्रावृत्ति (गैर आवासीय)**

| सि.नं. | छात्रावृत्तिको प्रकार | आधारभूत शिक्षा | | माध्यामिक शिक्षा | |
|---|---|---|---|---|---|
| | | कक्षा १ देखि ५ | कक्षा ६ देखि ८ | कक्षा ९ देखि १० | कक्षा ११ र १२ |
| १ | दलित | रु. ४००।- प्रति व्यक्ति प्रति वर्ष | रु. ४००।- प्रति व्यक्ति प्रति वर्ष | रु. ५००।- प्रति व्यक्ति प्रति वर्ष | |
| २ | छात्रा (कर्णाली अञ्चल बाहेक) | रु. ४००।- प्रति व्यक्ति प्रति वर्ष | रु. ४००।- प्रति व्यक्ति प्रति वर्ष | | |
| | छात्रा (कर्णाललली अञ्चल) | रु. १०००।- प्रति व्यक्ति प्रति वर्ष | रु. १५००।- प्रति व्यक्ति प्रति वर्ष | | |
| ३ | सहितको छोरा छोरी | रु. १२,०००।- प्रति व्यक्ति प्रति वर्ष (रु. १०००।- प्रति महिना) | रु. १८,०००।- प्रति व्यक्ति प्रति वर्ष (रु. १५००।- प्रति महिना) | रु. १८,०००।- प्रति व्यक्ति प्रति वर्ष (रु. १५००।- प्रति महिना) | रु. २४,०००।- प्रति व्यक्ति प्रति वर्ष (रु. २०००।- प्रति महिना) |
| ४ | द्वन्द्व पिडित छात्रावृत्रि | रु. १०,०००।- प्रति व्यक्ति प्रति वर्ष | रु. १२,०००।- प्रति व्यक्ति प्रति वर्ष | रु. १४,०००।- प्रति व्यक्ति प्रति वर्ष | रु. १६,०००।- प्रति व्यक्ति प्रति वर्ष |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | अपाङ्ग छात्रावृत्रि | | | | |
| क | आवासीय छात्रावृत्रि | **तालिका नं. १.३.२ मा व्यवस्था भएबमोजिम।** | | | |
| ख | सहयोगी सहायता सेवा छात्रावृत्रि | रु. ५००।- प्रति महिना (१० महिना) | | | |
| ग | यातायात छात्रावृत्रि | रु. ५००।- प्रति महिना (१० महिना) | | | |
| घ | शैक्षिक सामाग्री छात्रावृत्रि | रु. ५००।- प्रति महिना (१० महिना) | | | |
| ६ | मुक्त कमलरी छात्रावृत्ति | रु. १,५००।- प्रति व्यक्ति प्रति वर्ष (रु. १५००।- प्रति महिना) | रु. १,८००।- प्रति व्यक्ति प्रति वर्ष (रु. १८०।- प्रति महिना) | रु. ५,०००।- प्रति व्यक्ति प्रति वर्ष (रु. ५००।- प्रति महिना) | रु. १०,०००।- प्रति व्यक्ति प्रति वर्ष (रु. १०००।- प्रति महिना) |

| सि.नं. | छात्रावृत्तिको प्रकार | कक्षा ९-१० | कक्षा ११-१२ | कैफियत |
|---|---|---|---|---|
| ७ | विपन्न लक्षित छात्रवृत्ति | | | |
| क. | विपन्न लक्षित छात्रावृत्ति (विज्ञान विषय अध्ययरत विद्यार्थीहरु) | | रु. २४,०००।- प्रति व्यक्ति प्रति वर्ष | |
| ख. | विपन्न लक्षित छात्रावृत्ति (विज्ञान विषय बाहेकका लागि) | | रु. १८,०००।- प्रति व्यक्ति प्रति वर्ष | |
| ग. | विपन्न लक्षित छात्रावृत्ति | रु. ६,०००।- प्रति व्यक्ति प्रति वर्ष | | शैक्षिक सत्र २०७५ देखि लागु हुने |
| ८ | रामनारायण मिश्र विशेष छात्रावृत्ति | | रु. ३,०००।- प्रति व्यक्ति प्रति वर्ष | |

नोट- छात्रवृत्ति वितरण प्रक्रिया विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम हुनेछ।

**३.२ आवासीय छात्रावृत्ति**

| सि. नं. | तह | आबासीय छात्रावृत्ति तथा व्यवस्थापन खर्च | |
|---|---|---|---|
| | | छात्रावृत्ति | छात्राबास सञ्चालन खर्च |
| १ | अपाङ्ग छात्रावृत्ति आवासीय | रु. ४०,०००।- प्रति वर्ष प्रति व्यक्ति (मासिक रु. ४०००।-) का दरले | २५ जना विद्यार्थी बराबर समूह मानी प्रति विद्यालयका लागि वार्षिक रु. २,५०,०००।- एकमुष्ट अनुदान। |
| २ | कमली आवासीय | | |
| ३ | होस्टेल र छात्रावृत्ति (हिमाली, फिडर, मोडेल विद्यालय) | | |
| ४ | सार्वजनिक निजी साझेदारीमा सञ्चालित विद्यालय छात्रावृत्ति | | |
| ५ | अति सिमान्तकृत समुदायका लागि सञ्चालित आवासिय छात्रावृत्ति | | |

नोट- छात्रवृत्ति वितरण प्रक्रिया विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ बमोजिम हुनेछ।

४) विद्यालय सञ्चालन खर्च

| विद्यालयको किसिम | न्यूनतम | प्रति विद्यार्थी थप |
|---|---|---|
| पूर्व प्राथमिक कक्षा | रु. ५०००।- | रु. १००।- |
| कक्षा ०-३ सञ्चालित विद्यालय | रु. ७५००।- | रु. १००।- |
| कक्षा ०-५ सञ्चालित विद्यालय | रु. १००००।- | रु. १००।- |
| कक्षा ०-८ सञ्चालित विद्यालय | रु.१५०००।- | रु. ५०।- |
| कक्षा ०-१०, ६-१०, ६-१२ र ९-१२ सञ्चालित विद्यालय | रु. २००००।- | रु. ५०।- |
| कक्षा ०-१२ सञ्चालित विद्यालय | रु. २५०००।- | रु. ५०।- |

नोट- विद्यार्थी सङ्ख्याका आधारमा थप हुने रकम तहगत विद्यार्थी सङ्ख्याको आधारमा कायम हुने छ ।

५. विद्यालय कर्मचारी

| सि.नं. | विद्यालयको प्रकार | विद्यालय सहयोगी मासिक | विद्यालय सहायक कर्मचारी मासिक | कैफियत |
|---|---|---|---|---|
| १ | कक्षा १-१२ सञ्चालित विद्यालय (१ जना विद्यालय कर्मचारी र १ जना विद्यालय सहयोगीका लागि अनुदान) | रु. ७५००।- | रु. ११५००।- | १३ महिना बराबरको पारिश्रमीक अनुदान |
| २ | कक्षा १ -१० सञ्चालित विद्यालय ६-१० र ९-१२ समेत (१ जना विद्यालय कर्मचारी र १ जना विद्यालय सहयोगीका लागि अनुदान) | रु. ७५००।- | रु. ११५००।- | |
| ३ | कक्षा १ - ८ सञ्चालित विद्यालय (१ जना विद्यालय सहयोगीका लागि अनुदान) | रु. ७५००।- | | |
| ४ | कक्षा १ - ५ सञ्चालित विद्यालय (१ जना विद्यालय सहयोगीका लागि अनुदान) | रु. ७५००।- | | |

नोट- विद्यालय कर्मचारी तथा सहयोगी पारिश्रमीक वार्षिक कार्यक्रममा उल्लेख भएअनुसार हुनेछ ।

६) भौतिक विस्तार (पटके सहयोग)

| सि. नं. | पूर्वाधार | कक्षाकोठा (प्रति कोठा) | प्रयोगशाला र फिक्सिङ | पुस्तकालय कक्ष फिक्सिङ | ICT Lab कक्षा फिक्सिङ | कम्पाउण्ड | WASH सुविधा सहितको शौचालय छात्र तथा छात्रा | नमुना विद्यालय |
|---|---|---|---|---|---|---|---|---|
| १ | दर | रु. ८०००००।- | रु.९०००००।- | रु. ६५००००।- | रु. ६५००००।- | प्राविधिक कर्मचारी द्वारा इष्टिमेट गरिएको रकमको ५० प्रतिशत नेपाल सरकारबाट सहयोग हुने | रु. ६०००००।- | स्वीकृत ड्रइङ डिजाइन तथा लागत अनुमान अनुसार |

## अनुसूची-२
## एकमुष्ठ अनुदान

**२.१ सिकाइ वातावरण सुधारका लागि अनुदान (विद्यालय सुधार योजना SIP मा आधारित)**

| विद्यालयको प्रकार | ५० जनासम्म विद्यार्थी | ५१ देखि १०० विद्यार्थी | १०१ देखि २०० विद्यार्थी | २०१ देखि ३०० विद्यार्थी | ३०१ देखि ५०० विद्यार्थी | ५०१ देखि ८०० विद्यार्थी | ८०१ देखि १२०० विद्यार्थी | १२०० भन्दा माथि विद्यार्थी |
|---|---|---|---|---|---|---|---|---|
| कक्षा ० देखि ३ सम्म सञ्चालित विद्यालय | रु.३००००।- | रु.३५०००।- | रु.४००००।- | रु.४५०००।- | | | | |
| कक्षा ० देखि ५ सम्म सञ्चालित विद्यालय | रु.३५०००।- | रु.४००००।- | रु.४५००००।- | रु.५००००।- | रु.५५०००।- | | | |
| कक्षा ० देखि ८ सम्म सञ्चालित विद्यालय | | रु.४५०००।- | रु.५००००।- | रु.५५०००।- | रु.६००००।- | रु.६००००।- | | |
| कक्षा ० देखि १०, ६ देखि १०, ६ देखि १२ र ९ देखि १२सम्म सञ्चालित विद्यालय | | | रु.४५०००।- | रु.८५०००।- | रु.८५०००।- | रु.१२००००।- | रु.१५००००।- | रु.२०००००।- |
| कक्षा ० देखि १२ सम्म सञ्चालित विद्यालय | | | रु.७५०००।- | रु.१२००००।- | रु.१२००००।- | रु.२०००००।- | रु.२८००००।- | रु.३५००००।- |

**२.२ कुनै पनि तहमा शिक्षक तथा कर्मचारी अनुदान नपाएका विद्यालयका लागि पटके अनुदान**

| विद्यार्थी सङ्ख्या / अनुदान | कक्षा ० देखि ३ सम्म सञ्चालित विद्यालय | कक्षा ० देखि ५ सम्म सञ्चालित विद्यालय | कक्षा ० देखि ८ सम्म सञ्चालित विद्यालय | कक्षा ० देखि १२ सम्म सञ्चालित विद्यालय | कक्षा ६ देखि १० सम्म सञ्चालित विद्यालय | कक्षा ६ देखि १२ सम्म सञ्चालित विद्यालय | कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालय |
|---|---|---|---|---|---|---|---|
| शिक्षक तलब तथा सुविधा | रु.७५००००।- | रु.११२५०००।- | रु.३२५००००।- | रु.६२५०००।- | रु.३०९२०००।- | रु.३०९२०००।- | रु.३०९२०००।- |
| शिक्षक कर्मचारी तलब तथा सुविधा | रु.२०००००।- | रु.२५००००।- | रु.५५५००००।- | रु.१०५००००।- | रु.८०५०००।- | रु.८०५०००।- | रु.८०५०००।- |
| व्यवस्थापन सहयोग अनुदान | रु.४००००।- | रु.७५०००।- | रु.१०००००।- | रु.२०००००।- | रु.१५००००।- | रु.१५००००।- | रु.१५००००।- |

कुनै पनि शिक्षक तथा कर्मचारी तलब सुविधा अनुदान प्राप् नगरेका स्वीकृत विद्यालयका लागि। विद्यालय सञ्चालन अनुदान प्राप्त गरिरहेका विद्यालयले व्यवस्थापन सहयोग अनुदान प्राप्त गरे पश्चात विद्यालय सञ्चालन अनुदान कटौती हुनेछ।

२.३ **प्राविधिक तथा विज्ञान विषय अध्यापन गराउने माध्यामिक विद्यालयका लागि अनुदान**

| सि. नं. | कार्यसम्पादन सूचक | ४० जनासम्म विद्यार्थी | ४१ देखि ६० जना विद्यार्थी | ६१ देखि ८० जना विद्यार्थी | ८१ देखि १०० जना विद्यार्थी | १०१ भन्दा माथि विद्यार्थी |
|---|---|---|---|---|---|---|
| १ | कक्षा ११ र १२ विज्ञान विषय अध्यायन गराउने विद्यालय | रु.२००००००।- | रु.२५०००००।- | रु.३००००००।- | रु.३५०००००।- | रु.४००००००।- |
| २ | कक्षा ९ देखि १२ सम्म कम्प्यूटर विषय अध्यापन गराउने विद्यालय | रु.१००००००।- | रु. ११५००००।- | रु.१२५००००।- | रु.१३५००००।- | रु.१५०००००।- |
| ३ | प्राविधि धार सञ्चालन गर्ने विद्यालय | रु.४२५००००।- | रु.४५०००००।- | रु.५००००००।- | रु.५५०००००।- | रु.६००००००।- |
| ४ | प्रशिक्षक तथा ल्याब व्वाइका लागि तलब अनुदान | प्रति विद्यार्थी लागतका आधारमा निकासा हुने रकमबाट व्यहोर्ने । | | | | |

२.४ **नमुना विद्यालयका लागि अनुदान:** यस प्रतिका विद्यालयलाई विद्यालय विकास योजनाका आधारमा थप अनुदान उपलब्ध गराइने छ।

२.५ **एक जना मात्र शिक्षा भएका तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकाई गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान:** यस प्रकृतिका विद्यालयलाई प्रस्तावका आधारमा बढीमा ५० हजार प्रति वर्ष उपलब्ध गराइने छ।

२.६ **बहुभाषिक शिक्षण गर्ने विद्यालयका लागि अनुदान:** नेपाली भाषा सहित अन्य भाषाबाट अध्यापन गराउने बहुभाषिक विद्यालयका लागि बढीमा ५० हजार प्रति वर्ष थप अनुदान उपलब्ध गराइने छ।

## अनुसूची-३
## कार्यसम्पादन मूल्याङ्कन फाराम

१ कार्यसम्पादन मूल्याङ्कन फाराम

| क्षेत्र | कार्यसम्पादन सूचक | विद्यालयको स्व मूल्याङ्कन | विद्यालय निरिक्षक वा स्रोतव्यक्तिको मूल्याङ्कन | जिल्लास्तरीय प्राविधीक समितिबाट प्रमाणीकरण गरिएको प्राप्तांक | अंक दिने आधार | अंकभार |
|---|---|---|---|---|---|---|
| विद्यालय व्यवस्थापन (१३ अंक) | क)विद्यालय व्यवस्थापन समिति गठन, बैठक तथा निर्णय कार्यान्वयन | | | | शिक्षा नियमावली अनुसार विद्यालय व्यवस्थापन समितिको गठन भएको भए१, बैठकको १ तथा निर्णय कार्यान्वयन वापत २ अंक | ४ अंक |
| | ख) शिक्षक अभीभावक संघको गठन, बैठक तथा निर्णय कार्यान्वयन | | | | शिक्षक अभिभावक संघको गठन भएको १, बैठक १ तथा निर्णय कार्यान्वयन वापत १ अंक | ३ अंक |
| | ग) बाल क्लबको गठन तथा परिचालन | | | | बाल क्लबको गठन १ तथा परिचाकन वापत १ अंक | २ अंक |
| | घ) अभीभावक भेला र सुझाव कार्यान्वयन | | | | अभिभावक भेला १ र सुझाव कार्यान्वयन वापत १ अंक | २ अंक |
| | ङ) विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानीय निकाय, सङ्घसंस्थाहरु सँगको सहकार्य | | | | विद्यालय सुधार योजना कार्यान्वयनका लागि स्थानीय निकाय, सङ्घसंस्थाहरुसँग सम्झौता गरि सहकार्य गरेको भए १ र अंक प्रगति अभिलेखिकरण गरेको भए १ अंक | २ अंक |
| विद्यालयको वार्षिक शैक्षिक योजना (५ अंक) | क)बार्षिक कार्ययोजनाको निर्माण तथा कार्यान्वयन | | | | बार्षिक कार्ययोजनाको निर्माण गरेको भए १ तथा कार्यान्वयन भएमा २ अंक | ३ अंक |
| | ४ बार्षिक शैक्षिक योजनाको निर्माण तथा कार्यान्वयन | | | | प्रत्येक शिक्षकले बार्षिक शैक्षिक निर्माण भएको भए १, तथा कार्यान्वयन भएमा १ अंक | २ अंक |
| विद्यालय सुधार योजना (५ अंक) | क) विद्यालय सुधार योजनाको निर्माण र बार्षिक अद्यावधिकरण | | | | विद्यालय सुधार योजनाको निर्माण भएको २ अंक, बार्षिक अद्यावधिकरण भएमा थप १ अंक | ३ अंक |
| | ख) विद्यालय सुधार योजनाको आधारमा बार्षिक विद्यालय कार्य योजनाको निर्माण र कार्यान्वयन | | | | विद्यालय सुधार योजनाको आधारमा बार्षिक विद्यालय कार्य योजनाको निर्माण भएको भए १ अंक र कार्यान्वयन भएमा थप १ अंक | २ अंक |
| सुशासन र पारदर्शिता (१४ अंक) | क)नियमित रुपमा सामाजिक परिक्षणगरि प्रतिवेदन बुझाएमा | | | | सामाजिक परिक्षणगरि प्रतिवेदन बुझाएमा ५ अंक | ५ अंक |
| | ख) नियमित रुपमा लेखा परिक्षणगरि प्रतिवेदन बुझाएमा | | | | लेखा परिक्षणगरि प्रतिवेदन बुझाएमा ३ अंक | ३ अंक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ग) सुचनापाटी व्यवस्था र प्रयोग भएको भए थप १ अंक | | | | सुचनापाटी व्यवस्था भएमा १ रत्यसको प्रयोग भएको भए थप १ अंक | २ अंक |
| | घ) चौमासिक प्रतिवेदन संप्रेषण | | | | चौमासिक प्रतिवेदन संप्रेषण वापत २ अंक | २ अंक |
| | ङ) विद्यार्थी, शिक्षक आचारसहिता निर्माण र प्रयोग | | | | विद्यार्थी आचारसहिता निर्माण र प्रयोग भएको भए १, शिक्षक आचारसहिता निर्माण र प्रयोग भएमा १ अंक | २ अंक |
| न्यूनतम सिकाइ वातावरण (११ अंक) | क) कक्षागत बुककर्नरको व्यवस्था | | | | सबै कक्षागत बुककर्नरको व्यवस्था भएमा १ अंक | १ अंक |
| | ख) शिक्षण समय तालिका अनुसार शिक्षकको व्यास्थापन | | | | शिक्षण समय तालिका अनुसार शिक्षकको व्यास्थापन भएमा १ अंक | १ अंक |
| | ग) सबै विद्यार्थीहरिलाई सेटमा पाठ्यपुस्तकको उपलब्धता | | | | सबै विद्यार्थीहरिलाई शिक्षा नियमावलीले तोकेको समय सिमा भित्र सेटमा पाठ्यपुस्तकको उपलब्धता भएमा २ अंक | २ अंक |
| | घ) पाध्यक्रमले निर्धारित गरेकाउद्श्यपुरा हुने गरी अतिरिक्त क्रियाकलापको सन्चालन | | | | अतिरिक्त क्रियाकलापको सन्चालनको योजनाका लागि १अंक अभिलेखिकरण भए थप १ अंक | २ अंक |
| | ङ) शैक्षिक सामग्रीलो उपलब्धता र प्रयोग | | | | शैक्षिक सामग्रीलो उपलब्धता १ र प्रयोग १ अंक | २ अंक |
| | च) बिशेष आवश्यकता भएका बाकबालिकाहरुको लागि बिद्यालयमा पहुँच र सिकाइ वातावरणको समुचित व्यवस्थापन | | | | विभागले तोकेको मापदण्ड अनुसार विशेष आवश्यकता भएका बाकबालिकाहरुको लागि बिद्यालयमा पहुँच र सिकाइ वातावरणको समुचित व्यवस्थापन १ अंक | १ अंक |
| | छ) लैङ्गिकमैत्री, बालमैत्री वातावरणको विकास | | | | विभागले तोकेको न्यूनतम मापदण्ड अनुसार लैङ्गिकमैत्री, बालमैत्री वातावरणको विकासका लागि२ अंक | २ अंक |
| शिक्षण सिकाइ समय परिपालना (३ अंक) | क) विद्याकय खुलेको दिन | | | | शिक्षा नियामेकीमा तोकिए अनुसार विद्यालय खुलेको दिनको अभिलेखीकरण विद्यार्थी हाजिर पुस्तिकामा अद्यावधिक भएमा १ अंक | १ अंक |
| | ख) शिक्षण सिकाइ क्रिताकलाप सन्चाकन भएको दिन | | | | शिक्षा नियामेकीमा तोकिए शिक्षण सिकाइ क्रिताकलाप अभिलेखीकरण विद्यार्थी हाजिर पुस्तिकामा अद्यावधिक भएमा २ अंक | २ अंक |
| विद्यार्थी मूल्यांकन तथा सिकाइ उपलब्धि विकास योजना (१९ अंक) | क) पाठ्यक्रमले तोके अनुसार आवधि परिक्षा सन्चालन र विद्यार्थीका पृष्ठपोषण गरेमा | | | | पाठ्यक्रमले तोके अनुसार आवधि परिक्षा सन्चालन र विद्यार्थीका लिखित पृष्ठपोषण गरेमा २ अंक | २ अंक |
| | ख) निरन्तर विद्यार्थी मुल्याङ्कन, आवधिक परीक्षाको पृष्ठपोषण सहित उपचारात्मक | | | | निरन्तर विद्यार्थी मुल्याङ्कन ३, आवधिक परीक्षाको लिखित पृष्ठपोषण सहित उपचारात्मक शिक्षण गरेमा२ | ५ अंक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शिक्षण गरेमा | | | | अंक | |
| | ग) प्रत्येक शिक्षकले विषयगत सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्दि योजना तयारि र कार्यान्वयन | | | | विषयगत सिकाइ उपलब्धि विश्लेषण १, अभिवृद्दि योजना १ र (शिक्षक) योजना अनुसार वृद्दि भएको देखिएमा १ अंक | ३ अंक |
| | घ) विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण र अभिवृद्धि योजना तयारि र कार्यान्वयन | | | | विद्यालयको समग्र सिकाइ उपलब्धि विश्लेषण १, अभिवृद्धि योजना १र योजन अनुसार अभिवृद्धि भएको देखिएमा १ अंक | ३ अंक |
| | ङ) जिल्लाको औसत सिकाइ उपलब्धि भन्दा बढी भएमा | | | | जिल्लाको औसत सिकाइ उपलब्धि भन्दा बढी भएमा ४ अंक | ४ अंक |
| | च) विद्यालयले तयार गरेको प्रक्षेपित सिकाइ अभिवृद्धि योजनाको आधारमा न्यूनतम पचास प्रतिशतभन्दा बढी वृद्धि भएमा | | | | सिकाइ अभिवृद्धि योजनाको आधारमा न्यूनतम पचास प्रतिशतभन्दा बढी वृद्धि भएको भए २ अंक | २ अंक |
| **विद्याकयको आन्तरिक सक्षमताको अवस्था (१३ अंक)** | क) सेवा क्षेत्रभित्र विद्यालय जाने उमेर समुहका बालबाकिकाहरु विद्यालय बाहिर नरहेको | | | | सेवा क्षेत्रभित्र विद्यालय जाने उमेर समुहका बालबाकिकाहरु विद्यालय बाहिर नरहेको अभिलेख सहित एकिन भएको ४ अंक | ४ अंक |
| | ख) विद्यार्थीको टिकउ राष्ट्रिय औसतभन्दा माथि रहेमा | | | | विद्यार्थीको टिकउ राष्ट्रिय औसतभन्दा माथि रहेमा ५ अंक | ५ अंक |
| | ग) विद्यार्थीको कक्षा छाड्ने दर | | | | विद्यार्थीको कक्षा छाड्ने दर शून्य रहेमा ४, राष्ट्रिय औषतभन्दा कम रहेमा २ अंक | ४ अंक |
| **भौतिक वातावरण (११ अंक)** | क) शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन | | | | शिक्षा नियमावलीमा तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्याको आधारमा फर्निचर तथा कक्षाकोठाको व्यवस्थापन ३ अंक | ३ अंक |
| | ख) विद्यालयको खानेपानि तथा पानीसहितको छात्रछात्रालाई अलग्गै शौचालयको व्यवस्था र WASH को सुविधा | | | | विद्यालयको खानेपानि १ तथा पानीसहितको छात्रछात्रालाई अलग्गै शौचालयको व्यवस्था २ र WASH को व्यवस्था १ अंक | ४ अंक |
| | ग)विद्यालयमा खेलमैदान, धेरावेराको व्यवस्था | | | | विद्यालयमा खेलमैदान, धेरावेराको व्यवस्था भएमा १ अंक | १ अंक |
| | घ) विद्यालयमा अध्ययन व्यवस्थासहितको व्यवस्था | | | | विद्यालयमा अध्ययन व्यवस्थासहितको पुस्तकालय भएमा१ अंक | १ अंक |
| | ङ) विज्ञान प्रयोगशालाको व्यवस्था | | | | विज्ञान प्रयोगशालाको व्यवस्था १ अंक | १ अंक |
| | च) सुरक्षित विद्यालय वातावरण | | | | भूकम्प प्रतिरोधी भवन विपद व्यवस्थापन पूर्वतयारि योजना र अभ्यास १ अंक | १ अंक |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **शैक्षिक सूचना तथा प्रविधिको अवस्था (६ अंक)** | क) विद्यालयमा सूचना तथा प्रविधिका साधनहरुको उपलब्धता | | | | कम्प्युटर, ल्यापटप, प्रिन्टर, इन्टरनेटको उपलब्धता भएमा २ अंक | २ अंक |
| | ख) व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग | | | | व्यवस्थापकीय कार्यमा सूचना तथा प्रविधिको प्रयोग १ अंक | १ अंक |
| | ग) शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग | | | | शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको प्रयोग ३ अंक | ३ अंक |
| **जम्मा** | | | | | | १०० |

नोट:

- कार्यसम्पादन अनुदान प्रप्त गर्नका लागि विद्यालयले माथि उल्लिखित सूचकहरुमा विद्यालय व्यवस्थापन समितिको गठन, सामाजिक परीक्षण, विद्यालय सुधार योजना र वार्षिक अद्यावधिकरण, सेटमा पाठ्यपुस्तकको उपलब्धता, लेखा परीक्षण, चौमासिक प्रतिवेदन सम्प्रेषण, शिक्षकको उपस्थिति र विद्यालयको वार्षि शैक्षिक योजना निर्माण र कार्यान्वयनमा तोकिएको अंक सहित ५० अंक ल्याएकै हुनुपर्नेछ।
- प्राप्त अंकको आधारमा आधारभूत तहको विद्यालयहरुले बढीमा दुई लाखसम्म तथा माध्यमिक तहको विद्यालयले बढीमा पांच लाख प्रोत्साहन अनुदान प्राप्त गर्नेछन्।

अनुसूचि- ४
अनुदान माग फारम

क) शिक्षक तथा कर्मचारी तलब सम्बन्धी फारामहरु

| | | | |
|---|---|---|---|
| विद्यालयको नाम: | बार्षिक स्वीकृत रु | | अनिवार्य भर्नु पर्ने |
| ठेगाना: | हालसम्म निकासा भएको रु | | |
| रकम जम्मा हुने बैंक: | हाल निकासा माग गरिएको रु | | |
| | यो माग फारामसम्मको कुल निकासा रु | | |
| खाता नं: | निकासा हुन बाँकी रु | | |

विद्यालयको छाप: तयार गर्नेको सही: प्र.अ.को नाम र सही:

ख) आधारभूत तथा एकमुष्ठ अनुदान मागफाराम

विद्यालयको नाम: ठेगाना:

| सिनं | नाम | पद | तह | श्रेणी | किसिम (स्थायी/ अस्थायी/ राहत/ लियन) | तलब स्केल | ग्रेड | जम्मा | महंगी भत्ता | प्र अ भत्ता | स्थानिय भत्ता | प्राविधिक भत्ता | चाडपर्व खर्च | जम्मा (७ देखि ११को जोड) | कसंकोष थप | बिमा थप | अन्य | कुल जम्मा (१२ देखि १५ जोड) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ | १८ | १९ | २० |
| | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | |

| क्र.सं. | अनुदान शीर्षक | इकाइ | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| १ | पाठ्यपुस्तक | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१ | आधारभूत (कक्षा १ देखि ५) | | | | |
| १.२ | आधारभूत (कक्षा ६ देखी ८) | | | | |
| १.३ | माध्यमिक (कक्षा ९ देखि १०) | | | | |
| १.४ | माध्यामिक (कक्षा ११ देखि १२) | | | | |
| २ | छात्रवृत्ति | | | | |
| २.१ | गैरआवासीय | | | | |
| २.१.१ | दलित | | | | |
| २.१.२ | छात्रा कर्णाली बाहेक | | | | |
| २.१.३ | छात्रा कर्णाली | | | | |
| २.१.४ | सहीदका छोराछोरी | | | | |
| २.१.५ | द्वन्द्वपीडित | | | | |
| २.१.६ | अपाङ्ग आधारभूत | | | | |
| २.१.७ | अपाङ्ग माध्यमिक | | | | |
| २.१.८ | मुक्त कम्लहरी | | | | |
| २.१.९ | अति गरिब / लक्षित समूह | | | | |
| २.१.१० | विज्ञान छात्रवृत्ति (कक्षा ११ र १२) | | | | |
| **क्र.सं.** | **अनुदान शीर्षक** | **इकाइ** | **संख्या** | **दर** | **जम्मा रकम** |
| २.१.११ | रामनारायण मिश्र (कक्षा ११ र १२) | | | | |
| २.२ | आवासीय | | | | |
| २.२.१ | अपाङ्ग | | | | |
| २.२.२ | मुक्त कमलरी | | | | |
| २.२.३ | हिमाली / फिडर / नमुना विद्यालय | | | | |
| ३ | **विद्यालय सञ्चालन खर्च** | | | | |
| ४ | **भौतिक सुविधा विस्तार लार्यक्रम** | | | | |
| ४.१ | नयाँ कक्षा कोठा | | | | |
| ४.२ | प्रयोगशाला | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.३ | पुस्ताकलय | | | | |
| ४.४ | कम्प्युतर ल्याब | | | | |
| ४.५ | कम्पाउण्ड वाल | | | | |
| ४.६ | WASH सुबिधासहितको शौचालय | | | | |
| ४.७ | नमुना विद्यालय भवन | | | | |
| ५ | **सिकाइ वातावरण सुधारका लागि अनुदान** | | | | |
| ६ | कुनै पनि तहमा शिक्षक तथा कर्मचारी अनुदान नपुने एकमुष्ठ अनुदान | | | | |
| ७ | प्राविधिक तथा विज्ञान विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |

| क्र.सं. | अनुदान शीर्षक | इकाइ | संख्या | दर | जम्मा रकम |
|---|---|---|---|---|---|
| ८ | कक्षा ११ र १२ मा विज्ञान विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |
| ९ | कक्षा ९ देखि १२ सम्म कम्प्युतर विषय अध्यापन गराउने विद्यालयका लागि अनुदान | | | | |
| १० | प्राविधिक धार कक्षा ९ देखि १२ सञ्चालन गरिरहेका विद्यालयका लागि अनुदान | | | | |
| ११ | नमुना विद्यालयलाई प्रवर्तनात्मक कार्यसञ्चालनका लागि अनुदान | | | | |
| १२ | एक जना मात्र शिक्षक भएका तथा बहुकक्षा बहुस्तरमा आधारित शिक्षण सिकइ गर्ने विद्यालयलाई व्यवस्थापन अनुदान | | | | |
| १३ | बहुभाषिक विद्यालयका लागि थप अनुदान | | | | |

**प्रधानाध्यापकको नाम र सहि:**
......................................

**स्रोत व्यक्तिको नाम:**
......................................

अनुसूचि- ५
अनुदान माग फारम

सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुको तलब स्केल:

| सि. नं. | दर्जा | तलबमान (रु) | | | |
|---|---|---|---|---|---|
| | | तलब स्केल | ग्रेड संख्या | ग्रेड दर | जम्मा |
| **क** | **प्राथमिक** | | | | |
| १ | दुई विषयभन्दा बढी एस एल सी अनुत्तीर्ण | १७,२३०।- | ६ | ५७४।- | २०६७४।- |
| २ | दुई विषयसम्म बढी एस एल सी अनुत्तीर्ण | १८,३४०।- | ६ | ६११।- | २२००६- |
| ३ | एस एल सी उतिर्ण I | २२,१७०।- | ६ | ७३९।- | २६६०४।- |
| ४ | एस एल सी उतिर्ण II | २३५००।- | ८ | ७८३।- | २९७६४।- |
| ५ | एस एल सी उतिर्ण III | ३०,५००।- | ८ | १०१७।- | ३८६३६।- |
| **ख** | **वनभन माध्यामिक** | | ८ | | |
| ६ | निम्न माध्यामिक III | २३,५००।- | ८ | ७८३।- | २९७६४।- |
| ७ | निम्न माध्यामिक II | ३०,५००।- | ८ | १०१७।- | ३८६३६।- |
| ८ | निम्न माध्यामिक I | ३२,१००।- | ८ | १०७१०- | ४०६६०।- |
| **ग** | **माध्यामिक** | | | | |
| ९ | माध्यामिक III | ३०,५००।- | ८ | १०१७।- | ३८६३६।- |
| १० | माध्यामिक II | ३४,२२०।- | ८ | ११४१।- | ४३३४८।- |
| ११ | माध्यामिक I | ४०,१५०।- | ६ | १३३८।- | ४८१७८।- |

**१. स्थानीय भत्ता प्रयोजनका लागि स्थान वर्गीकरण**

'क' वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरु

डोल्पा, मुगु, हुम्ला

'ख' वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरु

मनाङ, मुस्ताङ,बझाङ, बाजुरा, जुम्ला, कालिकोट, लार्चुला

'ग' वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरु

रुकुम, जाजरकोट, दैलेख, अछाम, ताप्लेजुङ, संखुवासभा, भोजपुर, तेह्रथुम, खोटाङ, ओखलढुङ्गा, सोलुखुम्बु, म्याग्दि, रोल्पा, सल्यान, प्यूठान, डोटि, डडेल्धुरा, वैतडी

'घ' वर्गका स्थानीय भत्ता पाउने जिल्लाहरु

पाचँथर, धनकुटा, रामेछाप, दोलखा,रसुवा, गोरखा, लम्जुङ, वाग्लुङ, पर्वत, गुल्मी, अर्घाखाची,

'ङ' उपर्युक्त बाहेकका जिल्लाहरु स्थानीय भत्ता नपाउने ।

स्पष्टीकरणः माथि जिल्ला सदरमुकामका स्थानीय भत्ता सम्बन्धमा जुनसुकै दरहरु उल्लेख गरिएको गरिएका भएपनि देहायमा उल्लेख भएका स्थानमा कार्यरत कर्मचारीहरुले देहाय बमोजिमका दरले स्थानीय भत्ता पाउनेछन् । उल्लेख भएका स्थानहरुमा कार्यरत कर्मचारीहरुले देहाय बमोजिमका दरले स्थानीय भत्ता पाउनेछन् ।

**१.१ 'ख' वर्गको दरले भत्ता पाउने निम्न जिल्लाका देहायका गाउँ विकास समितिहरु**

१ ताप्लेजुङको १) लेलेप २)ओलाङ्चुङगोला, ३) पापुङ

२.संखुवासभाको १) चेपुवा २) पाथिभरा ३) किमाथाङका ४) हटिया ५) मकालु ६) नुम ७) याफु ८) पावाखोला

३. सोलुखुम्बुको १) खुम्जुङ २) नाम्चे ३) चौरिखर्क ४) छेस्कम ५) बुङ

४. दोलखाको १) लामावगर २) गौरीशंकर ३) खारे ४) अलपु ५) विगु

५. गोरखाको १) सिंदिवास २)प्रोक ३).लोह ४)केरौजा ५)छेकम्पार ६)मान्बु ७) विहि ८) सामागाउँ ९) लाप्राक १०)चुमचेत

६. बाग्लुङको १) बोवाङ २) निसि ३) सुनखानी ४) बुङदोभान, ५) अधिकारीचौर

७. रुकुमको १) रन्माकोट २) हुकाम ३) सिस्ने ४) गौतमकोट ५) स्यालगढी

८. डोटी जिल्लाको खप्तड जडिबुटी उद्यानको ९००० (नौ हजार) फिट भन्दा उचाईको भाग ।

**१.२ 'ग' वर्गको ६ कोष भन्दा माथिको दर पाउने जिल्लाका गाउँ विकास समितिहरु**

९. धादिङको १) बुढाथुम २) लापा ३) फुलखर्क ४) रिगाउँ ५) सेर्तुङ ६) टिप्लिङ ७) झारलाङ ८) दार्खा ९) बसेरी

१०. सिन्धुपाल्चोकको १) हेलम्बु २) बरुवा ३) भोताङ ४) गोल्छे ५) गुन्साकोट ६) लिस्तीकोट ७) थाङपालकोट ८) किउल ९) बराम्ची १०) पाङताङ ११) फुल्पिङ्गकोट

**२. स्थानीय भत्ता पाउने आधारः**

क. राशन सुविधा पाइरहेका निजामति, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीबल, एव त्यस्तै सुविधा पाइका र कार्यरत जिल्लाभित्र स्थानीय बसोबास भएका निजामति सेवाका कर्मचारीहरुले तोकियको रकमको २५ प्रतिशतका दरले मात्र स्थानीय भत्ता पाउने छन् ।

तर क र ख वर्गमा भने तोकिएको दरलेको ५० प्रतिशतले स्थानीय भत्ता पाउने छन् ।

ख. स्थानीय स्तरमा समितिद्वारा नियुक्ति भई सोहि स्थानमा काम गर्ने कर्मचारीहरुले स्थानीय भत्ता पाउने छैनन् । स्थानीय स्तरमा नियुक्त हुने कर्मचारी भन्नाले स्थानीय निकाय वा समितिहरुले नियुक्त गरी नेपाल सरकारबाट तलब सुविधा प्राप्त गर्ने कर्मचारीहरुलाई बुझाउँछ ।

तर क र ख वर्गमा काम गर्ने कर्मचारीहरुलाई भने तोकिएको दरले ५० प्रतिशतले स्थानीय भत्ता दिइनेछ ।

ग) कुनै कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मा त्यस्तो भत्ता पाउने छ । कर्मचारीको पदस्थापना स्थानीय भत्ता पाउने स्थानमा भएता पनि निजामति सेवा ऐनको दफा १८ (२) बमोजिम काजमा वा अन्य तबरले कुनै भत्ता नपाउने वा कम पाउने स्थानमा एक महिना भन्दा बढि समय बसी काम गरेमा निजले सो अवधिभर स्थानीय भत्ता नपाउने वा त्यस्तो स्थानको निमित्त तोकिएको भत्ता मात्र पाउने छ ।

घ. एक वर्षमा पटक पटक वा एक पटक गरी ३० दिनसम्मको विदामा बसेको कर्मचारीलाई स्थानीय भत्ता दिइनेछ । तर सुत्केरी विदाको हकमा नियमानुसार पाउने विदा दिनमा पनि स्थानीय भत्ता दिइनेछ । अध्ययन काज तथा अध्ययन विदा र असाधारण विदामा बसेको कर्मचारीले स्थानीय भत्ता पाउने छैन । भत्ता पाउने स्थानमा पदाधिकार रहेको आधारमा मात्र स्थानीय भत्ता दिइने छैन ।

ङ) एउटै श्रेणीभित्र विभिन्न तह रहेकामा स्थानीय भत्ता दिने प्रयोजनका लागि सबै तहकालाई सम्बन्धित श्रेणीको निमित्त तोकिएको रकम उपलब्ध गराउनु पर्नेछ ।

## अनुसूचि- ६

## स्थानीय भत्ताको मासिक दर

२०७१ साउन १ गते देखि लागु हुने स्थानीय भत्ताको मासिक

| पद | क वर्ग | | ख वर्ग | | ग वर्ग | | घ वर्ग | |
|---|---|---|---|---|---|---|---|---|
| | सदरमुकाम र ६ कोष भित्र (रु) | सदरमुकाम बाट र ६ कोष र सोभन्दा बाहिर (रु) | सदरमुकाम र ६ कोष भित्र (रु) | सदरमुकाम बाट र ६ कोष र सोभन्दा बाहिर (रु) | सदरमुकाम र ६ कोष भित्र (रु) | सदरमुकामबाट र ६ कोष र सोभन्दा बाहिर (रु) | सदरमुकाम र ६ कोषभित्र (रु) | सदरमुकामबाट र ६ कोष र सोभन्दा बाहिर (रु) |
| कायानलय सहयोगी | ५६३०।- | ५९१०।- | ४५००।- | ४७३०।- | १७५०।- | २२४०।- | ५८०।- | ६१०।- |
| रा प अनंकित चतुर्थ | ६१९०।- | ६५००।- | ४९५०।- | ५२००।- | २०००।- | २१००।- | ६४०।- | ६८०।- |
| रा प अनंकित ततृीय | ६७५०।- | ७०९०।- | ५४००।- | ५६८०।- | २२८०।- | २५००।- | ७००।- | ७४०।- |
| रा प अनंकित द्वितीय | ७६९०।- | ८०८०।- | ६१५०।- | ६४६०।- | २५६०।- | २७६०।- | ६९०।- | ८३०।- |
| रा प अनंकित प्रथम | ९११९०- | ९६५०।- | ७३५०।- | ७७१०।- | ३०६०।- | ३२१०।- | ९३०।- | ८५०।- |
| रा प तृतीय | १४०६०।- | १५७६०।- | ११२५०।- | ११८१०।- | ३७५०।- | ३९४०।- | १२९०।- | १३५०।- |
| रा प द्वितीय | १६२३०- | १७०४०।- | १२९८०।- | १३६३०।- | ५०००।- | ५२५०।- | १६५०।- | १७३०- |
| रा प प्रथम | १९६९०।- | २०६८०।- | १५७५०।- | १६५४०।- | ६२५०।- | ६७००।- | २१००।- | २२१०।- |
| रा प विशिष्ट | २४२५०।- | २५४६०।- | १८०००।- | १८९००।- | १०५००।- | ११०३०।- | २२८०।- | २४००।- |

सुनिलस्मृति गाउँपालिका
२०७३
सुलिचौर, रोल्पा

आज्ञाले
नाम
प्रमुख प्रशासकीय अधिकृत